लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बडाचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल ।


पत्र संख्याः ०८२/८३
सूचना नम्बरः- ४१

## वैदेशिक रोजगार सन्तती छात्रवृत्ति कार्यक्रममा सहभागिता हुने सम्बन्धी सूचना ।

(सूचना प्रकाशन मितिः २०८२/०७/११)

वैदेशिक रोजगार बोर्डको सचिवालयको मिति २०८२/०७/०३ गते प्रकाशित सूचना अनुसार श्रम स्वीकृत लिई वैदेशिक रोजगारीमा गई तोकिएको अवधि भित्र मृत्यु, अङ्गभङ्ग वा गम्भीर विरामी/घाइते भई कल्याणकारी कोषबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका सन्ततीलाई वैदेशिक रोजगार सन्तती छात्रवृत्ति कार्यक्रममा सहभागी हुनका लागि **वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८०** बमोजिम तोकिएको ढाँचामा निवेदन पेश गर्न सूचना आह्वान भएकोले सोहि बमोजिम यस लुङ्ग्री गाउँपालिकाका सम्पूर्ण लाभग्राहिले कात्तिक मसान्तसम्म आँफू अध्ययरत सम्बन्धित विद्यालयमा निवेदन पेश गर्नु/गराउनुहुन सम्बन्धित सबै सरोकारवालाको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै सम्बन्धित विद्यालयले मिति २०८२/०८/०७ गते कार्यालय समय भित्र विद्यालयको सिफारिस सहित रोजगार सेवा केन्द्रमा पठाउनुहुन समेत अनुरोध छ ।

संलग्न गर्नुपर्ने कागजातहरुः

१. पहिले देखि नै छात्रवृत्ति पाइरहेका लाभग्राहीले पेश गर्नुपर्ने कागजातः
   - क) अनुसूची १ बमोजिमको ढाँचामा निवेदन,
   - ख) कामदारको राहदानीको छायाँप्रति,
   - ग) अध्ययन गरिरहेको विद्यालयको कक्षा खुल्ने सिफारिस,
   - घ) आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको वैंक खाता (चेकको छायाँप्रति) ।

२. आ.व. २०८२/०८३ मा पहिलो पटक निवेदन पेश गर्ने लाभग्राहीले पेश गर्नुपर्ने कागजातः
   - क) अनुसूची १ बमोजिमको ढाँचामा निवेदन,
   - ख) श्रमिकको राहदानीको छायाँप्रति वा राहदानी नम्बर खुल्ने कागजात,
   - ग) अध्ययन गरिरहेको विद्यालयको कक्षा खुल्ने सिफारिस,
   - घ) जन्मदर्ता वा नागरिकताको छायाँप्रति,
   - ङ) संरक्षकको नागरिकताको प्रमाणपत्रको छायाँप्रति,
   - च) कामदारको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग/गम्भीर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,
   - छ) कामदार, अभिभावक र विद्यार्थीको नाता खुल्ने नाता प्रमाणित प्रमाणपत्रको छायाँप्रति,
   - ज) आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको वैंक खाता (चेकको छायाँप्रति) ।

रोजगार संयोजक

८२/७/११
प्रमुख प्रशासकिय अधिकृत




वेभसाइटः www.lungrimun.gov.np, इमेलः ito.lungrimun@gmail.com, सम्पर्कः 9857871314